# नेपाल गजेट

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १२] काठमाडौं, पौष १ गते २०१९ साल [अतिरिक्ताङ्क २८ [क]

# शाही घोषणा

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

राजदरवार

श्री ५ महाराजाधिराजबाट मौसूफको स्वविवेकमा संवत् २०१९ साल पौष १ गते रोज १ का दिन गरिबक्सेको शाही घोषणा सर्व-साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आगे प्यारा प्रजा गैह्रके यथोचित,

वि. सं. २००७ सालको क्रान्तिपछि देशका प्यारा प्रजाहरूको निमित्त समयको मांग अनुसार परम पूज्य बुबाज्यू श्री ५ त्रिभुवन वीर विक्रम शाहदेवबाट "नेपाल अन्तरिम शासन विधान" र हामीबाट "नेपाल अधिराज्यको संविधान" बनाई जारी गरिबक्सेको कुरा सर्व विदितै छ;

तर, वाञ्छित मात्रामा शिक्षा र राजनैतिक जागृति- को कमीले र दशको इतिहास, परम्परा तथा जन– आकांक्षानुकूल नभएको हुनाले संसदीय व्यवस्था उपयुक्त हुन सकेन, जनताबाट चुनिएको सरकारको स्थापना भएर पनि साधारण जनताले शासनमा आफू सम्मिलित भएको अनुभव गर्न सकेनन्, देशको निमित्त संसदीय व्यवस्थाको मूलभूत अनुपयुक्तताले यस्तो स्थिति उत्पन्न हुन गयो जसले गर्दा हामीबाट वि.सं. २०१७ साल पौष १गतेको कदम उठाइबक्सनु पर्‍यो,जसको विस्तृत कारण हामीबाट समय समयमा देशवासीहरूलाई स्पष्ट गरिसकेका छौं, र हामीलाई खुशी लागेको छ कि देशका सबै भागका जनताले सो कदमको खुला समर्थन गरेका छन्;

अत: अब, देशको शासन–सञ्चालन लोकसम्मतिको आधारमा होस् तथा जनतालाई शासन-व्यवस्थामा सर्वाधिक मात्रामा सम्मिलित गराएर प्रजातन्त्रको वास्तविक लक्ष पूरा गर्न सकियोस् भन्ने हाम्रो उद्देश्यको पूर्ति देशको माटोमा जरो हालेको र देशकै हावापानीमा हुर्किने र बढ्न सक्ने पञ्चायती व्यवस्थाद्वारा मात्र संभव छ भन्ने देशले अनुभव गरेकोले यस व्यवस्थासंग मिल्ने एउटा उपयुक्त संविधानको मस्यौदा गरी जाहेर गर्न वि.सं. २०१९ साल वैशाख २६ गते हामीबाट एक आयोग गठन गरिबक्सी सो आयोगले तयार गरेको मस्यौदामा मन्त्रिपरिषद्को पनि सल्लाह लिई, हाम्रा महान् तथा आदरणीय पूर्वजहरूका पालादेखि नै चलिआएको हाम्रा संवैधानिक कानून, रीत र परम्परानुसार हामीमा नै अन्तर्निहित राजकीय सत्ता र विशेषाधिका-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 

रको प्रयोग गरिबक्सी यो घोषणाद्वारा वर्तमान "नेपाल अधिराज्यको संविधान" लाई प्रतिसंहरण गरिबक्सी देशले अपनाएको पञ्चायत व्यवस्थालाई मिल्दो "नेपालको संविधान" आजका मितिमा प्रदान गरिबक्सेका छौं र साथै "नेपालविशेष व्यवस्था ऐन, २०१७" को अरू आवश्यकता नभएकोले त्यसलाई खारेज गरिबक्सेका छौं ।

पञ्चायती व्यवस्थाबाट शासनको प्रत्येक स्तरमा जनतालाई सम्मिलित गराएर तह तहमा अधिकारको प्रत्यायोजन गरी एउटा विकेन्द्रित शासन–पद्धतिको स्थापना हुनेछ । यस अन्तर्गत देशनिर्माणको महान् अभिभारा पार्टी वा दलविशेषमाथि नभई जनसाधारण माथि नै पर्न जानेछ । फलस्वरूप, देशमा एउटा जागरूकचेतनायुक्त र आफ्नो उत्तरदायित्वको अनुभव गर्ने समाजको स्थापना हुनेछ र यस प्रकार यो संविधान नेपाल र नेपालीहरूको दृढ एकता तथा सर्वोत्तम हित र सर्वतोमुखी प्रगतिको एक बलियो आधार बन्न जानेछ भन्ने हाम्रो अटल विश्वास छ ।

यस संविधानलाई तर्जुमा गरी जारी गर्नमा सल्लाह र सहायता दिने सबै हाम्रा धन्यवादका पात्र छन् ।

श्री पशुपतिनाथले हामी सबै नेपालीको सदा सर्वथा कल्याण गरून् ।

जय नेपाल !

गद्दी बैठक
काठमाडौं नेपाल ।
मिति:– वि. सं. २०१९ पौष १ गते रोज १ शुभम्

**हुकुम बक्से बमोजिम**
**सरदार हंसमानसिंह**
**श्री ५ महाराजाधिराजका प्रमुख सचिव,**
**राज दरवार ।**

---

गोरखापत्र छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।